# विराटनगर उपमहानगरपालिका कार्यालय

## एकिकृत नगर प्रोफाइल अद्यावधिक

२०६७

# विराटनगर उप महानगरपालिका

# एकिकृत नगर प्रोफाइल अद्यावधिक

# (२०६७)

## १. पृष्ठभूमि :

विराटनगर उप-महानगरपालिका नेपालका ५ वटा विकास क्षेत्रमध्ये पूर्वाञ्चल विकास क्षेत्रको कोसी अञ्चल, मोरङ जिल्लामा अवस्थित छ । मोरङ जिल्लाको दक्षिण पश्चिम सिमानामा रहेर भारतको जोगवनी नाकासंग जोडिएको यो नगर देशकै दोस्रो ठूलो सहर तथा पूर्वाञ्चलको औद्योगिक, व्यापारिक तथा प्रशासनिक केन्द्रको रुपमा समेत परिचित छ । पूर्वमा सिंगियाही खोला, पश्चिममा केशलीया खोला, उत्तरमा टंकीसिनुवारी गाउं बिकास समिति र दक्षिणमा भारतको सिमानासंग जोडिएको यो नगर ५९.९ बर्ग किलोमिटर क्षेत्रफल ओगटेर समतल भू-भागमा फैलिएको छ भने स्थानीय नगरबासीहरुलाई सर्वसुलभ ढंगबाट सेवा सुबिधा उपलब्ध गर्न गराउन भौगोलिक रुपमा जम्मा २२ वटा वडाहरुमा बिभाजन गरिएको छ । २०५८ सालको जनगणनाअनुसार यस नगरको कुल जनसंख्या १,६६,६७४ रहेको देखिन्छ, जसमध्ये ७९,०१० महिला र ८७,६६४ पुरुष पर्दछन् । सम्पूर्ण मोरङ जिल्लाको कुल जनसंख्यामध्ये १९.७७ प्रतिशत मानिसहरुको बसोवास रहेको यस नगरले आर्थिक, औद्योगिक, ब्यापारिक, शैक्षिक, स्वास्थ्य लगायतका नागरिकहरुलाई पुऱ्याउनु पर्ने अत्यावश्यक सेवा प्रवाहका क्षेत्रहरुमा पूर्वाञ्चलकै अग्रणी सहरको भूमिका निर्वाह गर्दै आईरहेको छ ।

सहरीकरण मुख्य गरी भौतिक पूर्वाधारको विकास, आर्थिक, ब्यापारिक तथा औद्योगिक विकास लगायत निस्चित बिषय बस्तुमा विशेषज्ञता र विशेषता सहितको सामाजिक विकासमा आधारित हुने गर्दछ । आधुनिक प्रबिधिमा आधारित बस्तु वा सेवाहरुको उत्पादन र बितरण, वैज्ञानिक पद्धतिमा आधारित श्रम बिभाजन, उच्च तहको आर्थिक विकास र कारोवार, बिभिन्न जातजाति, धर्म, पेशा, लिङ्ग र वर्गमा आधारित घना बसोबास सहितको सामाजिक संरचना सहरी बिकासका आधारशीला हुन् । स्थानीय स्वायत्त शासन ऐन २०५४ का आधारमा नेपालका सहरहरुलाई जनसंख्याको आकार, बार्षिक आम्दानी, बाटो, नाला, ढलसहितको भौतिक पूर्वाधार र संरचनाहरुको अवस्था, स्वास्थ्य सुविधाका साधन, श्रोत, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद मैदान, पर्याप्त शैक्षिक संस्थाहरुको ब्यवस्था लगायतका बस्तु र सेवा सुबिधाहरुको आधारमा महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकाहरुमा बर्गीकरण गरिएको छ । सेवा सुविधाहरुको उपलब्धता सहज र ब्यवस्थित भए पनि सहरी जीवन बढी खर्चिलो र दैनिक गुजारा टार्ने हिसाबले चुनौतिपूर्ण रहेको हुन्छ । सहरमा बस्ने अधिकांस मानिसहरु आफ्नो दैनिक गुजारा टार्न उपलब्ध समयलाई प्रयोग गर्दै श्रमका बिभिन्न क्षेत्रहरुमा संलग्न भएको पाईन्छ । विराटनगर उप-महानगरपालिका क्षेत्रको हकमा मुख्य गरी औद्योगिक, ब्यापारिक तथा कृषिमा आधारित ब्यवशाय र पेशाहरुले प्रमुखता पाएको देखिन्छ । बिश्व अवधारणाअनुसार कुनै पनि सहर त्यतिखेर मानव बसोबास योग्य रहेको ठहर्छ जतिखेर उक्त सहर वातावरणीय शुद्धता, आर्थिकरुपले सक्षम र सामाजिक समानताको हिसाबले दिगो बिकासमा आधारित रहेको हुन्छ ।

स्थानीय निकायको हैसियतमा विराटनगर उप-महानगरपालिकासंग पनि केन्द्र सरकारको प्रत्यक्ष जिम्मेवारीबाट टाढा रहेका आफ्ना नगरबासीहरुका आधारभूत आवश्यकताहरुको सहज र सरल परिपूर्तितर्फ महत्वपूर्ण जिम्मेवारी रहेको छ । स्थानीय नियकायहरुले स्थानीय तहमा गरिने भौतिक पूर्वाधार विकास, प्रकृतिक, सांस्कृतिक तथा पौराणिक चिज बस्तुहरुको संरक्षण र सम्बर्धन लगायत मानव कल्याण र सेवासंग सम्बन्धित कार्यहरुलाई विकाससंग सम्बन्धित, सेवासंग सम्बन्धित र नियन्त्रणसंग संबन्धित गरी मुख्य तीन भागमा बिभाजन गरेर हेर्ने गर्दछन् । योजनाबद्ध बिकासका लागि स्थानीय निकायहरुले क्षमताका आधारमा सबै तहका नगरबासीहरुको सहभागिता र पहुंचलाई प्रथम प्राथमिकातामा राखी उल्लेखित विषयहरुसंग संबद्ध कार्यक्रम सञ्चालन गर्नुपर्दछ । नगर बिकासका स्थापित उद्देश्यहरुलाई निस्चित समयावधिभित्र त्यतिखेर मात्र पूरा गर्न सकिन्छ जतिखेर स्थानीय श्रोत र साधनहरुको समुचित बाडफांड र उपयोगका लागि क्षमता विकासका साथ-साथै निर्णय गर्न पाउने अधिकारमा समेत स्थानीय जनताहरुको सहज पहुंच पुग्दछ ।

नेपालको ऐतिहासिक तथ्याङ्कलाई केलाएर हेर्दा प्रजातन्त्रको स्थापना संगसंगै नेपाली जनताको सामाजिक र आर्थिक जीवनस्तर माथि उठाउन योजनाबद्ध विकासका कार्यक्रमहरु सञ्चालनमा आएको पाईन्छ तथापि आजसम्म पनि गरिबी हाम्रो सामु प्रमुख चुनौतिको रुपमा रहिरहेको छ । बर्तमान स्थानीय स्वायत्त शासन ऐनमा समेत बिकासका सम्पूर्ण क्षेत्रमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका बर्गसमेतका समग्र जनताको सहभागितालाई प्रमुख प्राथमिकता दिंदै विकेन्द्रिकरणको माध्यम र संस्थागत विकासको आधारमा स्थानीय नेतृत्वको विकास गरी आफ्नो क्षेत्रको विकासका लागि साधनको परिचालन, बिनियोजन, प्रतिफलको उपयोग, जवाफदेहिता लगायत नागरिकहरुका दैनिक आवश्यकताहरुको परिपूर्ति र जीवनस्तरको बारेमा आफै निर्णय गर्न पाउने पद्धतिको विकासका साथै प्रजातन्त्रको फल सबै जनताले समान रुपमा उपभोग गर्न पाउनु पर्ने ब्यवस्था मिलाउने कुरालाई विषेश रुपमा जोड दिईएको छ । नेपालको बर्तमान अन्तरिम संबिधानमा समेत शक्ति र श्रोतको बांडफांड र उपयोग, संस्थागत संरचनाको विकास, नागरिक समाजमा आधारित जनताको सहभागिता, स्थानीय नेतृत्वको विकास, स्थानीय क्षेत्रको विकासमा निजी क्षेत्रको सहभागिता जस्ता कुराहरुलाई राष्ट्र विकासको मुलभूत सिद्धान्तका रुपमा स्विकारिएको अवस्था रहेको छ ।

विश्वको अनुभवलाई केलाएर हेर्दा बिबिधतामा आधारित नेपालको सामाजिक संरचनालाई समानतामा आधारित सामाजिक र आर्थिक विकासले मात्र गरिबीबाट मुक्त गराउन सक्दछ । विराटनगरको अवस्थालाई केलाएर हेर्दा आजसम्म पनि यस नगरको दुर्गम क्षेत्रमा बसोवास गर्ने नागरिकहरुको ठूलो हिस्सा न्यूनतम सहरी सेवा, अवसर र सुविधाबाट टाढा रहेको पाईन्छ । तिनीहरु अहिले पनि परम्परागत जीवनशैलीमा बाच्न बाध्य छन् । प्रजातन्त्रको प्रतिफल सबैले समान उपभोग गर्न पाउनुपर्ने संबैधानिक र कानुनी ब्यवस्था हुंदाहुंदै पनि महिला, दलित, आदिबासी, जनजाति लगायतका जनताले निर्माण विकासका कार्यको मुलधारबाट आफूहरु अलग रहनु परेको महसुस गरिरहेका छन् ।

बिभिन्न चुनौतिहरुको बाबजुद पनि अनगिन्ति संभावनाहरु त्यही ठाउंमा लुकेर बसेका हुन्छन् यिनै संभावनाहरुको खोजी र पहिचान गरी सहरी गरिबी न्यूनीकरण कार्यलाई न्युनतम आर्थिक लगानीमा समेत सफलतम् ढंगबाट अगाडि बढाउन एकीकृत र सहभागितात्मक रुपमा धेरै कार्ययोजनाहरु सञ्चालन गर्न सकिने हुन्छ । उदाहरणका लागि, बिना आर्थिक लगानी गरिबी न्यूनीकरणको क्षेत्रमा अहम् भूमिका निर्वाह गर्न सकिने पाटो भनेको गरिब र धनी बीचको संबन्धमा गुणात्मक सुधार ल्याउनु तथा जसको हातमा शक्ति र श्रोत छ त्यसले सहज ढंगबाट आफूसंग रहेको शक्ति र श्रोतलाई गरिब तथा पिछडिएको बर्ग र समुदायको हितमा प्रक्षेपण, प्रयोग र बिस्तार गरिदिनु हो । यस्ता खाले धेरै उदाहरणहरु हुन सक्दछन जुन समाजमा बिद्यमान छन् तर लुकेर बसेका छन्, जसको खोजी र प्रयोगले गरिबी न्यूनीकरणमा ठूलो टेवा र बल पुग्दछ । तसर्थ विराटनगर उप-महानगरपालिकाले माथि उल्लेख गरिएको अलावा बर्तमान अवस्थामा गरिबी न्यूनीकारण लगायत सम्पूर्ण नगरबासीहरुको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन स्थानीय श्रोत र साधनहरुको खोजी, विकास र अधिकतम उपयोगमा सर्वसाधारण नागरिकको सहभागितालाई सुनिस्चित गर्दै नीति, नियम र योजानाहरुको तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

जनसंख्या बृद्धि संगसगै सिमित स्रोत र साधनका कारण विराटनगर लगायत नेपालका अधिकांश सहरहरु बिद्यमान चुनौतिहरुको सहज सामना गर्न सकिरहेका छैनन् । आन्तरिक द्वन्द्व लगायत सेवा, सुबिधा र रोजगारीको आशामा ग्रामीण तथा साना सहरका जनताहरुको ठूला सहर प्रवेशप्रतिको आकर्षणले समेत जनसंख्या बृद्धिलाई दिन-प्रतिदिन उच्च गतिमा डोऱ्याईरहेको छ । बर्तमान अवस्थाबाट नै यस्ताखाले चुनौतिहरुको सामाधानको बाटो स्थायी रुपमा निर्धारण र कार्यान्वयन नगरे भविष्यमा स्थानीय निकायहरुलाई सेवा प्रवाहका क्षेत्रमा अझ ठूलो समस्या थपिन जाने देखिन्छ । अब्यवस्थित बसोबासलाई ब्यवस्थित पार्नु, भौतिक संरचनाहरुको यथोचित विकास गर्नु, शिक्षा, स्वास्थ्य, नगर-यातायात, वातावरण, फोहरमैला ब्यवस्थापन, पर्यटन, सफा र शुद्ध पिउने पानीको समुचित विकास र ब्यवस्थापन, रोजगारमूलक क्षेत्रहरुको विकास र बिस्तार लगायत गरिवीको रेखामुनि रहेका तथा आफ्नो हक अधिकार बारे जानकारी नभएका साथै राजनैतिक तथा प्रशासनिक क्षेत्रमा पहुंच पुऱ्याउन नसकेका नगरबासी जनसाधारणको हक अधिकारको संरक्षण र सम्बर्धन गर्नु जस्ता गरिवी न्यूनीकारणका यावत कार्यहरुमा केन्द्रिकृत भएर बर्तमान नगरपालिकाहरुले आफ्ना आवधिक तथा बार्षिक योजना तर्जुमा लगायत कार्यकमहरु मार्फत सम्बोधन गर्नु पर्दछ ।

उपरोक्त बिषय बस्तुहरुलाई स्थानीय स्वायत्त शासन ऐनको मूल मर्म र भावना बमोजिम तथा बदलिदो परिवेशअनुसार समयसापेक्ष ढंगले सु-शासनको माध्यमबाट कार्यान्वयन गर्न तथा गराउन नगरको वास्तविक

अवस्थाका (Real Status of City) बारेमा नगरपालिका स्वयम्लाई समेत स्पस्ट जानकारी हुनु पर्दछ तथा त्यसको लागि वास्तविक सूचना र तथ्याङ्क तयार भई प्राप्त भएको हुनु पर्दछ ।

विराटनगर उप-महानगरपालिकाले ढिलै भए पनि डिजिटल श्रोत नक्सा, एकीकृत ढल निकास परियोजना तयार पारिसकेको छ भने ५ बर्षे आवधिक योजनाको निर्माण कार्य अन्तिम रुपमा आई सकेको छ । तसर्थ विकास निर्माणका कार्यहरुलाई आवश्यकता र उपयुक्तताको आधारमा अघि बढाउन, उपरोक्त उल्लेखित जिम्मेवारीहरुलाई पूरा गर्न र सु-शासनको माध्यमबाट सेवा प्रवाहमा ब्यापकता ल्याउन नगरवासीहरुको वास्तविक सामाजिक, आर्थिक अवस्थाको बिश्लेषण सहितको एकीकृत नगर प्रोफाइल तयार गर्नु पर्दछ भन्ने मान्यताका साथ १५ औं नगररपरिषदबाट एकीकृत नगर प्रोफाइल तयार पार्ने निर्णय गरेको थियो ।

## २ उदेश्य :

विराटनगर उप-महानगरपालिका क्षेत्रभित्रको भौतिक संरचनाहरुको विवरण, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य तथा सरसफाई, फोहरमैला ब्यवस्थापन र वातावरण संरक्षण, सामाजिक, सांस्कृतिक तथा आर्थिक कृयाकलापहरु, दलित, जनजाति, आदिबासी, महिला, बालबालिका, असहाय, बृद्ध बृद्धाहरुको अवस्था र बिकासमा नागरिकहरुको सहभागिता लगायतका संपूर्ण बिषय बस्तुहरुलाई समेटेर एकीकृत नगर प्रोफाइल तयार पार्नु यस कार्यक्रमको मुख्य उदेश्य रहेको छ ।

**यसका अन्य उदेश्यहरु निम्न प्रकार रहेका छन् :-**

क) नगरको वास्तविक तथ्याङ्क संकलन गर्नु तथा प्राप्त तथ्याङ्कको आधारमा वडा, टोल तथा नगर प्रोफाइल तयार पार्नु ।

ख) सफ्टवयर निर्माण गरी तथ्याङ्कलाई पुनरावलोकन (Update) गर्न सक्ने ब्यवस्था मिलाउनु ।

ग) नगरको दिगो विकासको कार्यलाई सुनिस्चित पार्नु ।

घ) नगरको आवधिक तथा बार्षिक योजना निर्माण, श्रोत नक्साको तयारी लगायत भौतिक संरचनाहरुको निमार्ण र विकासमा सहयोग पुऱ्याउनु ।

ङ) सामाजिक तथा आर्थिक विकासका कार्यहरुमा निजी क्षेत्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था, समुदायमा आधारित संघ/संस्था र टोल बिकास संस्थाहरुको सहभागिताका लागि संभाब्य क्षेत्रहरुको पहिचान गरी समन्वय गर्न सक्ने आधारशीला तयार पार्नु ।

च) सरोकारवाला लगायत सम्पूर्ण नगरबासीहरुलाई नगरको वास्तबिक अवस्थाको बारेमा एकै ठाउंबाट सूचना प्राप्त गर्न सक्ने ब्यवस्था मिलाउनु ।

छ) सम्पूर्ण नगरबासीहरुलाई यस नगरको दिगो बिकासमा सहज सहभागिताको अवसर प्रदान गर्नु ।

ज) विकास निर्माणको प्रतिफल सहज रुपमा सबै नगरबासीहरुले उपभोग गर्न सक्ने अवस्थाको सिर्जना गर्नु

झ) द्वन्द्व लगायतका कारणले हुन गएका आन्तरिक विस्थापितहरुको बारेमा जानकारी लिनु ।

ञ) यस नगरबाट प्रवाह हुने सेवा सुविधाहरुलाई सरल र ब्यवस्थित पार्नु ।

ट) नगरबासीहरुको जीवनस्तर उच्च पार्दै गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउनु ।

## ३ कार्यनीति :

एकिकृत नगर प्रोफाइल २०६४ अनुसार प्रस्तुत गरिएको विवरणहरु मध्ये तपसिलमा उल्लेख भएको नक्सापास तथा घरजग्गा कर संकलनका आधारमा घरपरिवार संख्यालाई अद्यावधिक गरिएको छ ।

## एकिकृत नगर प्रोफायल २०६४ ले प्रस्तुत गरेको विवरण:


**५.४ क) नक्सा पास तथा घरजग्गा करका आधारमा घरपरिवार वितरण**

सर्वेक्षणमा घरपरिवारले बसोबास गरेका निजी घरहरुको बारेमा नक्सा पास गरे नगरेको तथा घरजग्गा कर तिरे नतिरेको बारेमा तथ्याङ्क संकलन गरिएको थियो । भाडामा बस्ने घरपरिवार, संस्थागत घरपरिवार तथा अन्यलाई नक्सा पास र कर सम्बन्धी प्रश्न सोधिएको थिएन नगरपालिका क्षेत्रमा घर बनाउंदा नगरपालिकाबाट घरनक्सा पास गरेरमात्र घर बनाउन पाउने कानुनी प्रावधान रहेको छ । यस नगरमा कुल २५००१ निजी घरहरुमध्ये ४८.३ प्रतिशत घरको नक्सा पास नगरेको देखिएको छ । यसमा कच्ची घर पनि रहेका छन । कच्ची घरहरुको नक्सा पास गरिरहनु पर्दैन । अझ पनि नगर क्षेत्रमा ठूलो संख्यामा नक्सा पास नगर्ने घरहरु सर्वेक्षणले देखाएको छ । यस सूचकलाई निजी घर भएका र पक्की घरको बारेमा विश्लेषण गर्न उपयुक्त देखिन्छ । यसअनुसार कुल निजी पक्की घर १४३१३ मध्ये पक्की घर भएका तर नक्सा पास नभएका घरहरु १७.२ प्रतिशत सर्वेक्षणले देखाएको छ । नगरपालिकाको कानुनी क्षेत्रभित्र सबै घरजग्गाको घरजग्गा कर तिर्नु पर्ने हुन्छ । यस सर्वेक्षणले कुल निजी घर २५००१ मध्ये ६०.४ प्रतिशत घरलेमात्र घरजग्गा कर तिरेको देखिएको छ । एक तिहाईभन्दा बढी घरले अझसम्म पनि घरजग्गा कर तिरेका छैनन् ।

**तालिका ३७ : नक्सा पास तथा घरजग्गा करका आधारमा परिवार संख्या, विराटनगर २०६४**

| नक्सा पास तथा करको अवस्था | नक्सा पास गरेको | | घरजग्गा कर तिरेको | |
|---|---|---|---|---|
| | घरपरिवार संख्या | प्रतिशत | घरपरिवार संख्या | प्रतिशत |
| छ | १२९२१ | ५१.७ | १५१०७ | ६०.४ |
| छैन | १२०८० | ४८.३ | ९८९४ | ३९.६ |
| जम्मा | २५००१ | १०० | २५००१ | १०० |

**चित्र २५: नक्सा पास तथा घरजग्गा करका आधारमा घरपरिवार वितरण प्रतिशत**



## अद्यावधिक अवस्था:

### ५.४ ख) नक्सा पास तथा घरजग्गा करका आधारमा घरपरिवार वितरण

सर्वेक्षणमा घरपरिवारले बसोबास गरेका निजी घरहरुको बारेमा नक्सा पास गरे नगरेको तथा घरजग्गा कर तिरे नतिरेको बारेमा तथ्याङ्क संकलन गरिएको थियो । भाडामा बस्ने घरपरिवार, संस्थागत घरपरिवार तथा अन्यलाई नक्सा पास र कर सम्बन्धी प्रश्न सोधिएको थिएन नगरपालिका क्षेत्रमा घर बनाउंदा नगरपालिकाबाट घरनक्सा पास गरेरमात्र घर बनाउन पाउने कानुनी प्रावधान रहेको छ । यस नगरमा कुल ३०,६७१ निजी घरहरुमध्ये ६०.६१ प्रतिशत घरको नक्सा पास नगरेको देखिएको छ । यसमा कच्ची घर पनि रहेका छन । कच्ची घरहरुको नक्सा पास गरिरहनु पर्दैन । अझ पनि नगर क्षेत्रमा ठूलो संख्यामा नक्सा पास नगर्ने घरहरु सर्वेक्षणले देखाएको छ । यस सूचकलाई निजी घर भएका र पक्की घरको बारेमा विश्लेषण गर्न उपयुक्त देखिन्छ । यसअनुसार कुल निजी पक्की घर २०५९१ मध्ये पक्की घर भएका तर नक्सा पास नभएका घरहरु १७.२ प्रतिशत सर्वेक्षणले देखाएको छ । नगरपालिकाको कानुनी क्षेत्रभित्र सबै घरजग्गाको घरजग्गा कर तिर्नु पर्ने हुन्छ । यस सर्वेक्षणले कुल निजी घर ३०६७१ मध्ये ३८.३८ प्रतिशत घरलेमात्र घरजग्गा कर तिरेको देखिएको छ । ६१.६२ प्रतिशत भन्दा बढी घरले अझसम्म पनि घरजग्गा कर तिरेका छैनन् ।

**तालिका ३७ : नक्सा पास तथा घरजग्गा करका आधारमा परिवार संख्या, विराटनगर २०६६**

| नक्सा पास तथा करको अवस्था | नक्सा पास गरेको | | घरजग्गा कर तिरेको | |
|---|---|---|---|---|
| | घरपरिवार संख्या | प्रतिशत | घरपरिवार संख्या | प्रतिशत |
| छ | १८५९१ | ६०.६१ | ११७७३ | ३८.३८ |
| छैन | १२०८० | ३९.३९ | १८८९८ | ६१.६२ |
| जम्मा | ३०६७१ | १०० | २५००१ | १०० |

**चित्र २५ (क): नक्सा पास तथा घरजग्गा करका आधारमा घरपरिवार वितरण प्रतिशत**

